# जिल्ला विकास समिति महासंघ नेपाल

**Association of District Development Committees of Nepal**
(ADDC/N)
1994

Ref. No.:- २४३। ०६४।६५

Date :- २०६५/३/४

## प्रेस विज्ञप्ति

मिति २०६५/२/३ गतेका दिन माननीय वनमन्त्री मातृका यादवद्वारा जिविस ललितपुरका स्थानीय विकास अधिकारी श्री डुन्डुराज घिमिरेलाई शौचालयमा थुनेर मानसिक यातना दिएको भनी आज पत्रपत्रिकामा प्रकाशित समाचारप्रति जिल्ला विकास समिति महासंघ नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

राज्य सञ्चालनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने एवम् कानुनी शासनको प्रत्याभूतिका लागि जिम्मेवार व्यक्तिबाटै राज्य सञ्चालनकै कार्यान्वयन तहमा रहेका जिम्मेवार पदाधिकारी/कर्मचारीमाथि पदीय मर्यादा विपरित त्यस्तो अमानवीय, गैरकानुनी र गैरलोकतान्त्रिक व्यवहार प्रदर्शन गरेको प्रति जिविस महासंघ नेपाल दुःख एवम् आपत्ति प्रकट गर्दछ ।

साथै आगामी दिनमा समेत जिम्मेवार व्यक्तिहरुबाट यस्ता खाले गैरजिम्मेवार, अमानवीय, गैरलोकतान्त्रिक र विधिको शासन विपरितका व्यवहार नगरियोस् भनी आग्रह गरिन्छ ।

ऋषिराज लुम्साली
अध्यक्ष
जिविस महासंघ नेपाल